२०६३ पौष २८(जनवरी १३, २००७)

सम्माननीय सभामुख श्री सुवास नेम्वाङज्यू,
प्रतिनिधिसभा
सिंहदरवार, काठमाडौँ

विषयः ज्ञापनपत्र ।

हामी खानेपानी, जल तथा ऊर्जा क्षेत्रमा क्रियाशिल विभिन्न संघसंस्था तथा व्यक्तिहरू जनबलमा पुनर्स्थापित प्रतिनिधिसभाबाट हालै जनभावनाविपरीत पारित नेपाल खानेपानी संस्थान (तेस्रो संसोधन) विधेयक-२०६३ प्रति आपत्ति प्रकट सो विद्येयक कार्यान्यनमा नल्याउन सम्माननीय सभामुखसमक्ष हार्दिक अपील गर्दछौँ ।

काठमाडौँ उपत्यकाको खानेपानीको व्यवस्थापनको जिम्मा विदेशी निजी कम्पनीलाई दिने सरकारको गैरकानुनी निणर्यलाई समर्थन गर्दै अहिलेको अपूर्ण संसदले वृहत शान्ति सम्फौता तथा प्रस्तावित अन्तरिम सविधानविपरीत पूर्णप्रकृतिको अन्तरिम सरकार र संसद निर्माण नहुँदै राष्ट्रहितविपरीत हतारहतार यही पौष १९ गते प्रतिनिधिसभाबाट पारित गरेको सो विद्येयकले जनभावनालाई समेटन नसकेकोले त्यसलाई सच्याउन समेत आग्रह गर्दछौँ ।

खानेपानी सेवाजस्तो आधारभूत मानवअधिकार सबै र सधैका लागि भन्ने विश्वव्यापी मान्यतालाई कुल्चदै विगतको शाही सरकारको पालामा नेपाल खानेपानी संस्थानलाई निजीकरण गरी संस्थानको स्वामित्व निजी कम्पनीलाई दिन जारी गरिएको नेपाल खानेपानी संस्थान (तेस्रो संसोधन) विधेयक-२०६३ लाई जनबलबाट पुनर्स्थापित प्रतिनिधिसभाले समेत पारित भएकोले जनहितविपरीत पारित सो विद्येयक कार्यान्वयनमा नल्याउन हामी अपील गर्दछौँ ।

खानेपानी सेवाजस्तो आमनागरिकको आधारभूत मौलिक अधिकारको संरक्षणका निमित्त राज्यको प्रतिनिधि संस्थाका रूपमा कार्यरत नेपाल खानेपानी संस्थानलाई गैरसंवैधानिक एवम् बदनियतपूर्वक दायित्वमुक्त गर्दै व्यवस्थापनको सम्पूर्ण जिम्मा विदेशी मुनाफाखोर कम्पनीलाई दिने सो सरकारी निर्णयका विरुद्धसंस्थाहरूद्वारा सर्वोच्च अदालतमा दायर मुद्दा विचाराधीन रहेको र अन्तरिम आदेशका लागि विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई भिकाउने आदेश भएको अवस्थामा संसदबाट बहुमतले निर्णय पारित हुनु दुःखद कुरा भएकोले सोलाई सच्चाउनसमे हामी अपील गर्दछौँ ।

कुनै पनि प्राकृतिक स्रोतसाधनको स्वामी जनता र सरकार त्यसको व्यवस्थापक मात्रै भएकोले सरकार हालै खानेपानी जस्तो आधारभूत मानवअधिकारको सेवालाई विदेशी कम्पनीलाई दिने सरकारी निर्णयका विरुद्ध हामी विभिन्न अधिकारवादी संघसंस्थाहरूले सर्वोच्च अदालतमा दर्ता गरिएको रिट निवेदनमाथि सुनुवाइ हुन बाँकी छ । यस विषयलाई सो विद्येयक पारित हुँदा संसदमा भएको छलफलमा समेत माननीय संसदज्यूहरूले प्रश्न उठाउनु भएको कुरा स्वयम् सम्माननीय सभामुखज्यूलाई विदितै छ । सरकारी निर्णयका विरुद्ध सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको टुंगो नलागुन्जेल जनभावनाविपरीत बदनियतपूर्वक पारित सो विधेयकलाई कानुनी रूप नदिन सम्भाननीय सभामुखज्यूसमक्ष हाम्रो अनुरोध छ ।

***वोधार्थ***

*सम्माननीय प्रधानमन्त्री तथा पार्टी सभापति श्री गिरिजाप्रसाद कोइरालाज्यू, नेपाली कांग्रेस ।*
*श्री माधवकुमार नेपालज्यू, महासचिव नेकपा (एमाले)*
*प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)*
*श्री शेरबहादुर देउवाज्यू, पार्टी सभापति नेपाली कांग्रेस (प्रजातान्त्रिक)*
*श्री नारायणमान विजुक्क्षे रोहित, अध्यक्ष, नेपाल मजदूर किसान पार्टी*
*श्री हृदयेस त्रिपाठी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)*
*श्री लिलामणि पोखरेलज्यू, संयुक्त जनमोर्चा-नेपाल*
*श्री प्रभुनारायण चौधरी संयोजक, संयुक्त बाममोर्चा*
*माननीय मन्त्री श्री रामशरण महतज्यू, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौँ ।*
*माननीय मन्त्री श्री गोपालमान श्रेष्ठज्यू, भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरवार, काठमाडौँ ।*

*माननीय मन्त्री राजेन्द्र पाण्डेज्यू, स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर ।*

भवदीय

| क्र.सं. | नाम र संस्था | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | रामचन्द्र चटौत | अध्यक्ष |  |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |